# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## विष्णुपुर गाउँपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं. २६९

मितिः २०७७।३।२६

श्री प्रमुखज्यू,
विष्णुपुर गाउँपालिका,
सिरहा ।

विषयः  लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं१०६

मिति: २०७७।३।१७

श्री प्रमुखज्यू,
विष्णुपुर गाउँपालिका,
सिरहा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले विष्णुपुर गाउँपालिका, सिरहाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १४ करोड ३४ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ९ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ३८ लाख ८३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९ करोड ५७ लाख ४७ हजार र पेश्की रु. १ करोड २८ लाख ६९ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/१२/९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्यौट नभई कायम भएका ब्यहोराको अन्तिम प्रतिवेदन पाना तेत्तिस (३३) यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी,गाउपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बिन्दु बिष्ट)
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# बिष्णुपुर गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा  प्रदान गर्नु नै गाउपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस गाउपालिका अर्न्तगत ५ वडा,२८ जना सभा सदस्य रहेका छन् । २६.३४ व.की.मी.क्षेत्रफल ओगटेको यस गाउपालिकाको जनसंख्या  १८ हजार ५२२ जना रहेको छ ।

१. **बित्तिय बिबरण र संञ्चित  कोषको अवस्था** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम बिष्णुपुर गाउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र स्थानिय एकिकृत सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

# एकिकृतसञ्चित कोषको विवरण

**बिष्णुपुरगाउँपालिका**
**बिष्णुपुर प्र.म.,सिरहा**

आथिंक वषः २०७५।७६

| | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | १ | गाउँपालिका पुँजीगत (समानीकरण, राजश्व बाँडफाँड, आन्तरिक) | १०३०६७५०८ |
| १.१ | नगद | ० | २ | गाउँपालिका चालु (समानीकरण, राजश्व बाँडफाँड, आन्तरिक) | ५४७९०६१९ |
| १.२ | वैंक | ५५४३५५६३ | ३ | आ.व.२०७४।०७५ को शर्सत र हस्तान्तरित रकम फिर्ता | ० |
| २ | आन्तरिक राजश्व | ८२८२२४२ | ४ | **संघिय सर्शत अनुदान** | ० |
| ३ | मालपोत कार्यालय | ० | ४.१ | आयुर्वेद | ० |
| ४ | संघिय वित्तीय समानिकरण अनुदान | ७०५००००० | ४.२ | कृषि | ३०४८००० |
| ५ | प्रदेश वित्तीय समानिकरण अनुदान | २४६५००० | ४.३ | खेलकुद विकास कार्यक्रम | १००००० |
| ६ | संघिय राजश्व बाँडफाँड | २९९८४१६५ | ४.४ | पशु | ५२८००० |
| ७ | प्रदेश राजश्व बाँडफाँड | ० | ४.५ | महिला तथा वालवालिका कार्यक्रम | १२४००० |
| ८ | **संघिय सर्शत अनुदान** | ० | ४.६ | शिक्षा | ३८२७५३७६ |
| ८.१ | आयुर्वेद | ० | ४.७ | स्वास्थ्य | १४९८६९०१ |
| ८.२ | कृषि | ३०४८००० | ४.८ | राष्टिय ग्रामिण तथा नविकरणीय कार्यक्रम | ९९१००० |
| ८.३ | खेलकुद विकास कार्यक्रम | १००००० | ४.९ | समाज कल्याण कार्यक्रम | १८३००० |
| ८.४ | पशु | ७२८००० | ५ | प्रदेश सर्शत अनुदान | १६५०००० |
| ८.५ | महिला तथा वालवालिका कार्यक्रम | ५५१००० | ६ | स्थानीय पुर्वाधार विकास कार्यक्रम | ० |
| ८.६ | शिक्षा | ४७६७३००० | ७ | जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.) | २८८७५००० |
| ८.७ | स्वास्थ्य | १९२३३००० | ८ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ० |
| ८.८ | राष्टिय ग्रामिण तथा नविकरणीय कार्यक्रम | ९९१००० | ९ | सडक वोर्ड नेपाल | २९९९४४ |
| ८.९ | समाज कल्याण कार्यक्रम | १८३००० | १० | तराई मधेश समृद्ध कार्यक्रम | ० |
| ९ | प्रदेश सर्शत अनुदान | १६५०००० | ११ | राष्टपति चुरे संरक्षण कार्यक्रम | ० |
| १० | स्थानीय पुर्वाधार विकास कार्यक्रम | ० | १२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २२२०७६३.३ |
| ११ | जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.) | २८८७५००० | १३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | ० |
| १२ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ० | १४ | गरिवसग बिश्वेश्वर | ० |
| १३ | गरिवसग बिश्वेश्वर | २९९९४४ | १५ | धरौटी फिर्ता | ११७५९२३ |
| १४ | तराइ मधेश सम्वृद्धि कार्यकम | ० | १६ | युनिसेफ | ० |
| १५ | राष्टपति चुरे संरक्षण कार्यक्रम | ० | १७ | **मौज्दात** | ० |
| १६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २२२०७६३.३ | १७.१ | वैंक मौज्दात | २५५०८५७३ |
| १७ | प्रकोप ब्यबस्थापन कोष | २४२९००७ | १७.२ | नगद मौज्दात | ० |
| १८ | युनिसेफ | ० | १८ | धरौटी मौज्दात | १०८२७५३ |
| १९ | धरौटी | २२५८६७६ | १९ | | ० |
| | **जम्मा** | २७६९०७३६०.३ | | **जम्मा** | २७६९०७३६०.३ |

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजु रकम |
|---|---|---|

| नं. | | |
|---|---|---|
| | संचित कोषको आय /ब्यय हिसावको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन् : | |
| २. | **अनुदान फिर्ता**:अर्थ मन्त्रालयको मिति २०७५ ।२ ।२७ मा दिएको आर्थिक बर्ष २०७५।७६ को अन्तर सरकारी बित्तिय हस्तान्तरण सम्बन्धि व्यबस्था र मार्गदशनको बुदा ७ मा सशर्त,समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय सञ्चित कोषमा दाखिला गनुपर्ने व्यवस्था भएकोमा देहाय बमोजिम सशर्त,समपुरक र बिशेष अनुदानको रकम रु १४२७०७२३असार मसान्तसम्म खर्च नभई यस गाउँपालिकाको स्थानीय सञ्चित कोषमै मौज्दात रहेकोले संघीय सञ्चित कोषमा रुदाखिला गर्नुपर्ने रु | १४२७०७२३.०० |

| कार्यकमको नाम | बजेट | निकासा | खर्च | बाकी |
|---|---|---|---|---|
| संघिय शसर्त अनुदान | ० | ० | ० | ० |
| पशु | ७२८००० | ७२८००० | ५२८००० | २००००० |
| महिला | ५५१००० | ५५१००० | १२४००० | ४२७००० |
| शिक्षा | ४७६७३००० | ४७६७३००० | ३८२७५३७६ | ९३९७६२४ |
| स्वास्थ्य | १९२३३००० | १९२३३००० | १४९८६९०१ | ४२४६०९९ |
| जम्मा | ६८१८५००० | ६८१८५००० | ५३९१४२७७ | १४२७०७२३ |

| | | |
|---|---|---|
| ३. | **खर्च खाताको मौज्दात**:स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक बर्षमा खर्च हुन नसकि बाकी रहेको रकम आर्थिक बर्षको अन्तमा गाउँपालिकाको सञ्चितकोषमा स्वत ट्रान्सफर हुने ब्यबस्था भएकोमा गाउँपालिकाले यस आर्थिक बर्षमा खर्च हुन नसकि बाकी रहेको रकम सञ्चितकोषमा स्वत ट्रान्सफर नगरी चालु खर्च खाता र पुजिगत खर्च खातामा मौज्दात राखेको देखिएको छ । ऐनको ब्यबस्था बमोजिम आर्थिक बर्षको अन्तमा खर्च हुन नसकि बाकी रहेको रकम गाउपालिकाको सञ्चितकोषमा दाखिला हुनुपर्दछ । | |
| ४. | **संचित कोषको कारोवार**: स्थानीय सरकारको संचित कोष खाता ननअपरेटीङ हुनु पर्दछ । यस खाताबाट चेक मार्फत कारोवार गर्न पाईदैन केवल ट्रान्सफर लेटर मात्र प्रयोग गर्नु पर्दछ । तर यस गाउँपालिकामा मूल संचित कोष खाताको चेक मार्फत समेत कारोवार भएकोले संचित कोष खाताको रकम झिक्न सकिने अवस्था देखिन्छ । यस्तो कमजोरी हटाई आन्तरिक नियन्त्रण व्यवस्था सुधार गर्न अविलम्ब ट्रान्सफर पद्दतीको अवलम्बन हुनु पर्दछ । | |
| ५. | **खाता बन्द नगरी ट्रान्सफर**: आर्थिक वर्षको अन्तमा श्रेस्ता व्यवस्थित गर्न, वार्षिक वित्तिय प्रतिवेदन तयारी गर्नका लागि बैंक खाता बन्द गरी हिसाब मिलान गर्ने व्यवस्था र प्रचलन विपरित फ्रीज नहुने मुल खाताबाट आर्थिक वर्ष सकिएको १५ दिन देखि २६ दिन पछि पनि सञ्चित कोष शिर्षक बाट ४ करोड पुजिगतमा र १ करोड चालु खातामा ट्रान्सफर गरी खर्च गरेको देखिन्छ । यसरी पहिलेको मिति राखी आर्थिक वर्ष सकिए पछि खर्च लेख्ने परिपाटीमा सुधार हुनुपर्दछ । | |
| ६. | **बैङ्क हिसाब समायोजन**:आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको २०७६ आषाढ मसान्तमा स्रेस्ता र बैंकको मौज्दात फरक देखिएकोमा बैंक हिसाब समायोजन विवरण ( म.ले.प.फा.नं.१५) तयार गरेको देखिएन । गाउँपालिकाको श्रेस्ता अनुसार सञ्चितकोषको मौज्दात रु २५५०८५७३ देखिएकोमा वैंक अनुसार **रु१०२५४२६७७.६४**मौज्दात देखिएको छ । श्रेस्ता भन्दा रु. **७७०३४१०४.६४** वैंक बढि भएकोमा वैंक हिसाव समायोजन विवरण तयार गरी एकिन गरी आम्दानी बाध्नुपर्ने देखिन्छ । | |

| बैकको नाम | खातानंवर | खाता अनुसार मौन्दात | बैक अनुसार मौज्दात |
|---|---|---|---|
| मेघा बैक | ०९५००१००१५८९६ सञ्चित कोष | | ६९७५५९८५.५८ |
| मेघा बैक | ०९५००१००१५९१२ पुजिगत खर्च खाता | | १८०९४६५२.०६ |
| मेघा बैक | ०९५००१००१५९२१ चालु खर्च खाता | | १४६९२०४०.०० |
| | **जम्मा** | २५५०८५७३ | **१०२५४२६७७.६४** |

| | | |
|---|---|---|
| ७. | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने ब्यबस्था भएको र महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा Sub National Tresury Regulatory application (SUTRA) सबै गाउँपालिकाहरुलाई उपलव्ध गराई २०७५।४।१ देखिनै SUTRA प्रयोग गरी | |

| | | |
|---|---|---|
| | लेखा राख्नुपर्ने व्यवस्था गरेको भएपनि यस गाउँपालिकाले २०७५।७६ मा SUTRA प्रयोग गरी लेखा राखेको देखिएन । | |
| ८. | **लेखा ढाँचाको प्रयोग** : नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिम संघ, प्रदेश र स्थानीय तहका फारामहरु महालेखापरीक्षकबाट स्वीकृत भएको छ । स्वीकृत ढाँचाको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस गाउँपालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन ।साथै यस बर्ष एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ बमोजिम बजेट सिट (म.ले.प.फ.नं ८) तयार.गरी सो बमोजिम सबै उपशिर्षकको खर्चको फाटबारी (म.ले.प.फ.नं १३) ,पेश्की बाकीको बिबरण (म.ले.प.फ.नं १४) र बैक हिसाव मिलान बिबरण (म.ले.प.फ.नं १५) प्रतिबेदन नगरेकोले .स्विकृत बजेट बमोजिम यथार्थ खर्च भए नभएको एकिन गर्न सकिएन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन गरी आर्थिक अनुशासन पालना हुनु पर्दछ । | |
| ९. | **सञ्चित कोषको चौमासिक विवरण** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ । | |
| १०. | **कर तथा दायित्वः** गाउपालिकाको समानिकरण पुजिगतबाट खर्च गर्दा कट्टी गरी बिबिध खातामा राखिएको कर,मु.अ कर,डोजर भाडा तथा धरौटी रकम २०७६ आषाढ मसान्त सम्ममा सम्बन्धित शिर्षकमा दाखिला गर्न बाकी देखिएको रु | ६३५१९००.०० |

| ब.उ.शि.न. | बिबरण | रकम |
|---|---|---|
| समानिकरण पुजिगत | बैक नगदी किताबको बिबिध खातामा मौज्दात रहेको कर,मुअकर,डोजर भाडा र धरौटी रकम | ४१९२५६९ |
| समानिकरण पुजिगत | कट्टि भै खर्च लेखिएको मुअकर रकम सम्बन्धित करदाताको खातामा जम्मा नभएको | १८३७०२ |
| समानिकरण पुजिगत | कट्टि भै खर्च लेखिएको धरौटी रकम सम्बन्धित धरौटी खातामा जम्मा नभएको | १०४३७१५ |
| रानश्व बाडफाड | बैक नगदी किताबको बिबिध खातामा मौज्दात रहेको कर,बिमा,लगानीकोष अन्य कट्टी रकम | ९३१९१४ |
| | **जम्मा** | ६३५१९०० |

| | | |
|---|---|---|
| ११. | **श्रेस्ता अभिलेखनः**कार्यलयले गरेका आम्दानी खर्चको अभिलेख खाता दुरुस्त राखी समयमै आम्दानी खर्चको फाटवारी ,बिबरण,मास्केबारी,पेश्की खाता र कार्यकम खाता तयार गनुपर्नेमा ती खाताहरु तयार नगरेको रदेहाय बमोजिमको अभिलेख र एकिकृत आथिक बिबरणमा फरक परेको देखिएको छ । आन्तरीक लेखापरीक्षण नभएको र बैक नगदी किताब प्रविष्ठ गर्दा पेश्की पछ्यौट रकम नघटाएको,पेश्की खाता | |

नराखेको,पारीश्रमिक बापत कट्टी भएको क.सं.कोष आदि दाखिला गर्दा पुन बजेट खर्च लेखेको,सामाजिक सुरक्षाको तेश्रो किस्ता २ पटक खर्च लेखेको कारणले समेत खर्च रकम फरक परेको देखिएको छ। बैक नगदी किताब तथा एकिकृत आर्थिक बिबरणमा देहाय बमोजिम फरक परेकोले कार्यलयले यथार्थ एकिन गरी टुगो लगाउनुपर्ने देखिएको रु.

| बिबरण | बैक नगदी किताब | एकिकृत आर्थिक बिबरण | फरक रकम |
|---|---|---|---|
| समानिकरण पुजिगत लगायत पुजिगत शिर्षक | १०४००४६४० | १०४७१७५०८ | ७१२८६८ |
| राजश्वबाडफाँड,सशर्त लगायत चालु | १५८४२४७९८ | १३६६९१६९६ | २१७३३१०२ |
| | | जम्मा | २२४४५९७० |

२२४४५९७०.००

१२. **सञ्चित कोषमा दाखिला** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ।

१३. **आवधिक योजना**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) मा गाउँपालिकाले आफैनो अधिकार क्षेत्रका भित्रका बिषयमा स्थानिय स्तरको बिकासका लागी आबधिक,रणनैतिक बिषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालीन योजना बनाइ लागुगनुपर्ने ब्यबस्था भएकोमा ऐन लागू भएको २ बर्ष ब्यतित हुदा पनि आवधिक योजना तयार गरेको पाइएन । ऐनमा भएको ब्यबस्था वमोजिम प्राथमिकताका क्षेत्र निर्धारण गरी आवधिक योजना तयार गरीनुपर्दछ।

१४. **मध्यकालिन खर्च संरचना** : अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न गाउँपालिकाले ध्यान दिनु पर्दछ।

१५. **स्थानिय राजश्व परामर्श समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्वका श्रोत दर दायरा समेत बिश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्को अनुमान गर्न समेत राजश्व परामर्श समिति रहने ब्यबस्था रहेको र समितिको बैठकमा सम्बन्धित क्षेत्रको विज्ञ तथा सरोकारवालाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने व्यवस्था गरेको छ । गाउपालिकाको राजश्व परामर्श समितिले आफ्ना निर्णयहरु प्रभावकारी बनाउन परामर्श समितिको बैठक सञ्चालन कार्यविधी हालसम्म पनि नबनाएको पाईएको हुँदा उक्त कार्यविधि बनाउनु पर्दछ। साथै स्थानिय आयश्रोतको लागी सार्बजनिक पोखरी तथा अन्य श्रोतको लगत अद्याबधिक गरीनुपर्दछ।

१६. **स्रोत अनुमान तथा बजेट सीमा**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

१७. **बार्षिक बजेट स्विकृतिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना

तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण निर्धारित समयभित्र अर्थात मिति २०७५।३।११ मा स्वीकृत गरेको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ :

गाउँपालिकाले यो वर्ष पूँजीगत कार्यक्रम अन्तर्गतका योजनातर्फ गाउँकार्यपालिका र ५ वटा वडा गरि कुल १०५ योजना समेत गरी पुजिगतमा रु.६ करोड .५७ लाख ६५ हजार बजेट बिनियोजन गरेको छ भने चालु खर्च निशर्त गरी रु १० करोड, ९० लाख ५२ हजार गरी कुल १७ करोड, ४८ लाख १७ हजार को आय-व्ययको अनुमान पेश गरी पारीत गरेको देखिएको छ ।

१८. **अवण्डावजेट** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम गाउँपालिकाले वार्षिक कार्यक्रम तथा वजेट सभावाट पारित गराई स्वीकृत भएको वजेटको परिधिभित्र रही स्वीकृत कार्यक्रम तथा योजनामा खर्च गर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष पूँजिगत तर्फ ६ करोड ५७ लाख ६५ हजार विनियोजन गरेकोमा रु ४० लाख ५० हजार अवण्डा रकम पास गरेको देखियो ।कार्यक्रम संचालन हुने स्थान र योजनाको नाम र वजेट उल्लेख नगरी रकम कार्यक्रमगत अवण्डा राखी पटक पटकको गाउँकार्यापालिकाको निर्णयअनुसार आवश्यकताको आधारमा खर्च गर्ने कार्य नियमित देखिदैन ।

१९. **चालु प्रकृतिका खर्चलाई पूँजिगतमा विनियोजन** : वर्षभरमा कार्य सम्पादन गरी कार्यान्वयनमा ल्याउने पूँजिगत प्रकृति जून आगामी दिनमा प्रतिफल दिन्छ त्यस्तो योजना छनौट गरी समग्र गाउँपालीकाको पूँजिगत संरचना सम्वन्धि स्थायीत्व प्रदान गर्न आमूलरुपले प्रतिफल दिने र पुँजिको निर्माण हुने एवं वस्तु तथा प्राप्त भएको सेवा र उपलब्धीका उपयोगिताको सिर्जना हुने गरी पूँजिगत योजना छनौट गर्नुपर्नेमा पूँजिगत वजेटमा चालु प्रकृतिका विशुद्धरुपले उपयोगिता नदिने योजना छनौट गरी कार्यान्वयनमा ल्याईनू उचित देखिएन । आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भएका योजना पूर्ण रुपले पूर्वाधार विकास सँग सम्वन्धित देखिएनन । जात्रा, सम्मान, यात्रा, जागरण, भ्रमण, महोत्सव, खेलकुद, म्यूजिक, लगायतका प्रतिफल विहिन योजना छनौट गरी पूँजिगत वजेट वाट यस्ता कार्यक्रम संचालन गरिनू उपयूक्त हुदैन । यस्ता कार्यक्रमवाट वस्तुमा उपयोगिताको सिर्जना नगर्ने हुदाँ पूँजि निर्माण हुने संभावना न्यून रहने गर्दछ । पूँजिगत वजेटमा चालु प्रकृतिको खर्च गरिनूले मूल्यको सार्थकता नरहने र अनुदानको समावेशी विकास पनि हुन नसक्ने स्थितिले समग्र पूर्वाधार विकासमा असर परेको छ । चालु प्रकृतिका वितरणकारी खर्चलाई प्रश्रय नदिन र आगामी दिनमा यस्ता कार्यक्रम नियन्त्रण गर्न गाउँपालीका गंभिर वन्न आवश्यक पुर्वाधार बिकास गर्नुपर्ने बजेटबाट यस्ता कार्यमा गरेको खर्च नियमित मान्न सकिएन ।

| कार्यक्रम | बिबरण | बजेट |
|---|---|---|
| समानिकरण पुजिगत | भैपरी आउने बिबिध खर्च वडा १ | ३००००० |
| समानिकरण पुजिगत | भैपरी आउने बिबिध खर्च वडा ३ | ३००००० |
| समानिकरण पुजिगत | भैपरी आउने बिबिध खर्च वडा ४ | ४००००० |
| समानिकरण पुजिगत | शिक्षकको तलब भत्ता वडा ५ | १५०००० |
| | **जम्मा** | ११५०००० |

२०. **योजना छनौट**:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएको देखिएको छ । योजनाको संख्या धेरै हुंदा गाउँपालिकाको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्राविधिक कर्मचारीलाइं कार्यसम्पादनमा कठिनाइं भईं त्यसको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । स्विकृत बार्षिक बजेट भित्र यस बर्ष रकमगत योजना छनौटको अवस्था देहाय बमोजिम देखिएको छ ।

| सि.नं. | विवरण | बजेटमा योजना संख्या |
|---|---|---|
| १ | ५० हजार देखि १ लाख सम्मका | ३० |
| २ | १ देखि २ लाख सम्मका | ३३ |
| ३ | २ देखि ३ लाख सम्मका | १२ |
| ४ | ३ देखि ४ लाख सम्मका | १ |
| ५ | ४ देखि ५ लाख सम्मका | २ |

| | | |
|---|---|---|
| ६ | ५ देखि १० लाख सम्मका | ६ |
| ७ | १० लाख भन्दा माथिका | २१ |
| | **जम्मा** | **१०५** |

२१. **कार्यक्रम तथा योजना संशोधन -** आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको २०७५।३।११ गतेको सभावाट स्वीकृत गाउँस्तरिय तथा वडास्तरिय योजना मध्ये कतिपय योजना गाउँसभा तथा कार्यपालिकाको निर्णयबाट मर्जर तथा संशोधन गरी कार्यगरेको देखिन्छ । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण निर्धारण प्रक्रिया उपयुक्त देखिएन । काबुबाहिरको परिस्थिति सिर्जना नभई आर्थिक बर्षको बिचमा अघिल्लो सभाले स्वीकृत गरेको योजना परिवर्तन गर्नु उपर्युक्त होइन । अतः स्वीकृत योजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ ।

२२. **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत स्तरको भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ असार ११ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र अर्थात २०७५।४ । ४ मा नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिएको छ ।

२३. **स्वीकृत बजेट भित्र खर्च :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाकी छ भने मात्र खर्च गर्ने र खर्चको निकासा दिनुपर्ने ब्यबस्था छ । गाउपालिकाले देहाय खर्च शिर्षकमा बिनियोजन बजेट भन्दा बढि रु ६४५३०२६० खर्च लेखेकोले नियमित दखिएन ।

| ब.उ.शि.नं | स्विकृत बजेट | खर्च रकम | बढि खर्च |
|---|---|---|---|
| समानिकरण पुजिगत | ६५७६५००० | १०४००४६४१ | ३८२३९६४१ |
| राजश्व बाँडफाँड | २८५००००० | ५४७९०६१९ | २६२९०६१९ |
| | | **जम्मा** | ६४५३०२६० |

साथै उल्लेखित ब.उ.शि.नं का स्विकृत बजेट अनुसार बजेट सिट,खर्चको फाटवारी तयार नगरेकोले बजेट रकम नंवरको सिमा कति नाघेको छ एकिन भएन ।

२४. **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाउँकार्यपालिकाले सञ्चालन गरेका गाउँस्तरिय,वडास्तरीय र बहुबर्षिय आयोजनामध्ये सबै आयोजनाहरुको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।

| कार्यक्रम/ क्रियाकलापको नाम | गर्नुपर्ने कामको परिमाण | सम्पन्न कामको परिमाण | प्रगति प्रतिशत | प्रगति हुन नसक्नुको कारण |
|---|---|---|---|---|
| | १०५ | १०५ | १०० | |

२५. **योजना कार्यन्वयन स्थिति :** गाउँपालीकाको २०७५।३।११ को सभावाट आर्थिक वर्ष २०७५।७६ मा आन्तरिक श्रोत लगायत वित्तिय समानीकरण अनुदान समेतवाट विभिन्न ५ वडामा गाउस्तरिय, वडा स्तरिय योजना र बहुबर्षिय योजना स्वीकृत गरेकोमा उपभोक्ता मार्फत देहाय बमोजिमका योजना कार्यन्वयनमा आएको देखिन्छ ।

| बिबरण | स्विकृत योजना संख्या | पहिलो चौमासिकमा सम्झौता संख्या | दोश्रो चौमासिकमा सम्झौता संख्या | तेश्रो चौमासिकमा सम्झौता संख्या | जम्मा सम्झौता संख्या | सम्पन्न भएका योजना संख्या |
|---|---|---|---|---|---|---|
| गाउँ स्तरीय | ४३ | ० | ० | ४३ | ४३ | ४३ |
| वडा स्तरीय | ५७ | ४ | ९ | ४४ | ५७ | ५७ |
| बहुबर्षिय | ५ | ० | ० | ५ | ५ | ५ |
| | १०५ | ४ | ९ | ९२ | १०५ | १०५ |

स्विकृत भएका योजनामध्ये सबै योजनाहरु पहिलो चौमासिकमा ४, दोश्रो चौमासिकमा ९ तेश्रो

चौमासिकमा ९२ सम्झौता भएको देखिएकोले योजना कार्यान्वयनमा हतारमा कार्य भइ गुणस्तरीयता नआउने र समयमा बजेट रकम खर्च नहुदा सार्वजनिक पूँजि निर्माण नभएको कारणले नागरीकलाइ Time Value of Money को लाभ बेलैमा प्राप्त नहुने हुदा, समग्र उत्पादक्त्वमा ह्रास आउने देखिएको छ ।

२६. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा उपलव्ध विवरण अनुसार देहाय बमोजिम प्रथम चौमासिकमा ४.३८ प्रतिशत कार्य भएको, दोश्रो चौमासिकमा १२.४४ प्रतिशत र तेश्रो चौमासिकमा. ८३.४५ प्रतिशत खर्च गरेको देखिएको छ। यसरीनै आषाढ मसान्तमा ५७.९९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

| बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| समानिकरण पुजिगत | १०४००४६४१ | ४६३५११९ | १३१४९०७१ | ८६५२०४५१ | ५९६२८०२५ |
| प्रदेश सर्शत | १६५०००० | ० | ० | १६५०००० | १६५०००० |
| | **१०५६५४६४१** | **४६३५११९** | **१३१४९०७१** | **८८१७०४५१** | **६१२७८०२५** |
| प्रतिशत | | ४.३८ | १२.४४ | ८३.४५ | ५७.९९ |

२७. **मौजुदा सूची तयार :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले त्यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य विशिष्टीकरणको आधारमा खरिद प्रक्रिया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरीय सेवा प्रवाह नहुने देखिन्छ। तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ।

२८. **खरिद योजना तथा इकाई :** सार्वजनिक खरिद ऐन, २०८३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । गाउपालिकाले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको कुनै योजना नहुँदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले गाउपालिकाले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। त्यसैगरी खरिद इकाई गठन गरेको देखिएन । खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरी हटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाई गठन गर्न कार्यालयले ध्यान दिनु पर्दछ।

२९. **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यो वर्ष गाउँपालिकाले तर्जुमा गरेका गरी कानुनहरु राजपत्रमा प्रकाशित भएको देखिएन ।

| सि.नं. | कानूनको नाम | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| १ | बिष्णुपुर गाउपलिकाको बैठक सञ्चालन कार्यबिधि २०७५ | |
| २ | बिष्णुपुर गाउपलिकाको कार्यसम्पादन नियमावली २०७५ | |
| ३ | बिष्णुपुर गाउपलिकाको कार्यबिभाजन नियमावली २०७५ | |
| ४ | बिष्णुपुर गाउपलिकाको आर्थिक कार्यबिधि नियमित तथा व्यबस्थित गर्न बनेको | |

| | | | |
|---|---|---|---|
| | | कानुन २०७५ | |

त्यस्तै यस गाउपालिकालाई अतिआवश्यक पर्ने ऐन बनाएको पाइएन ।

३०. **न्यायिक समिति** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

| जिम्मेवारी | दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | क्षेत्राधिकार अभाव देखिएका | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ० | ६५ | ३३ | ० | ३२ |

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३१. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्थानीय तहको कार्यसञ्चालन भित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्न विषयगत क्षेत्र समेटिएको वित्तीय समानीकरण अनुदान, सशर्त तथा विशेष अनुदान प्रदान भएको अवस्था छ ।.गाउँपालिकाले समायोजन पछि कार्यक्रम, कार्यवोझ, कार्यप्रकृतिका आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेको छैन ।

३२. **कर्मचारी व्यवस्था** :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित कर्मचारी दरवन्दी २९ रहेकोमा स्विकृत दरवन्दि पदपूर्ति र पद रिक्त बिबरण प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन ।

३३. **सेवा करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा गाउपालिकाका , नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ । गाउपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी विभिन्न मितिमा सम्झौता गरी आई.टी.इन्जिनियर, सिभिल ईन्जिनियर, र सव-ईन्जिनियर सिभिल, अनमि, कार्यालय सहयोगि लगायत गरि जना नियुक्ती गरेको पाइयो । नियुक्ती भएका मध्ये आई टी ईन्जिनियर LGCDP अन्तर्गत लिएको कार्यालयको भनाई रहेको छ । करारका कर्मचारीलाई करार सेवामा कार्य गराउँदा सार्वजनिक खरिद नियमावली, २०६४ को सेवा करारमा लिने सम्बन्धी कार्यविधि नियम ९५ को पालना नभएकोले सो पालना गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

३४. **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ ।आन्तरिक नियन्त्रण प्रणाली लागु नहुँदा निकायगत कामको प्रकृति अनुरुप आबश्यक कुराको ब्यवस्था र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान,सुचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषय समेटिने स्थिति रहेन ।

३५. **आन्तरिक लेखापरीक्षण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रै आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस गाउँपालिकाले यस बर्षको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । आन्तरिक लेखापरीक्षण नहुँदा अनियमितताको परीक्षण, श्रेस्ताको जोडजम्मा लगायतमा हुने आन्तरिक नियन्त्रण कमजोर भएको छ । आन्तरिक लेखापरीक्षण गराई कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ ।

३६. **सम्पत्ति**:आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने, व्यवस्था रहेको छ । यस गाउँपालिका कार्यालयका कार्यलय तथा वडा कार्यालयहरुमा रहेका सम्पत्तिहरुको विवरण देहाय अनुसार छ ।

| खर्चभएरनजानेसम्पतिको | विवरण | खरिदरकमरु. | कैफियत |
|---|---|---|---|

| नाम | | | |
|---|---|---|---|
| जग्गा | | | ५वडाको आफनै, पुर्जा नभएको अरु सार्बजनिक जग्गा |
| भवन | ५ | नखुलेको | ५वडाको आफनै अरु सार्बजनिक जग्गा |

| क.सं. | सवारी साधन | खरिद सख्या | मुल्य | प्रयोग गर्नेपदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्कारपियोगाडी | १ | ४३४३१२७ | अध्यक्ष | |
| २ | मोटरसाइकल | १ | | उपाध्यक्ष | |
| | मोटरसाइकल | १ | | प्रमुख प्रशासकिय अधिकृत | |
| ३ | मोटरसाइकल | १ | | वडाध्यक्ष १ | |
| ४ | मोटरसाइकल | १ | | वडाध्यक्ष २ | |
| ५ | मोटरसाइकल | १ | | वडाध्यक्ष ३ | |
| ६ | मोटरसाइकल | १ | | वडाध्यक्ष ४ | |
| ७ | मोटरसाइकल | १ | | वडाध्यक्ष ५ | |
| | मोटरसाइकल | १ | | लेखापाल | |
| | मोटरसाइकल | ५ | | अन्य कर्मचारी | |
| | जेसिबि | १ | ६४६५००० | | |
| | टिपर | १ | २८५६५७१ | | |

उल्लेखित बिवरण आधारमा अबलोकन गर्दा गाउपालिकाले आफ्नो स्वामित्वमा रहेको जग्गाको कानुन अनुसार जग्गाधनि पुर्जा नलिएको,सार्बजनिक जग्गामा आफ्नो भवन बनाउदा नेपाल सरकारबाट भोगचलन स्विकृती लिएको देखिएन । साथै सवारी साधन प्रयोग गर्दा म.ले.प.फा.नं २ अभिलेख नराखिएको र टिपर र जेसिबिको सञ्चालन कार्यविधि बनाइ प्रयोगको अभिलेख व्यबस्थित गरेको देखिएन ।

३७. **जिन्सी निरिक्षण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यबस्था भएकोमा जिन्सी निरीक्षण भएको पाइएन ।

३८. **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक नगरेकोले एकिन गरी कार्यान्वयन गर्नुपर्दछ ।

३९. **सङ्घीय विभाज्य कोष** :अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ (१) मा नेपाल सरकार, प्रदेश र स्थानीय तह बिच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा ७ (२) मा उपदफा (१) बमोजिमको कोषमा रहेका रोयल्टीको बाँडफाँड नेपाल सरकारले अनुसुची-४, मा कुल रोयल्टी रकमको ५० प्रतिशत सङ्घीय सरकारमा र प्रदेश र स्थानीय तह लाई २५/२५ प्रतिशत विभाजन गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले हालसम्म पनि विभाज्य कोष खडा गरेको छैन । गाउँपालिकाले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम संघीय विभाज्य कोष खडा गरी प्राकृतिक स्रोतको उत्खन्न तथा निकासी बापत असुल भएको आय उक्त कोषमा जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ। अत गाउपालिकाले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ।

४०. **राजश्व अभिलेख:** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस कार्यालयले आ.व. ०७५।७६ मा बिभिन्न शिर्षकमा ८२८२२४२ आम्दानी गरेको देखिन्छ भने गाउपालिकाले म.ले.प.फा.नं. २३ र १०८ को प्रयोग गरी अभिलेख व्यवस्थित गर्नुपर्नेमा गरेको देखिएन । यस्तो अवस्थामा अविलम्ब सुधार गर्नुपर्दछ ।

४१. **करदाताको अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्याबसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर

| | | |
|---|---|---|
| | लगाउने ब्यबस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति कर, जग्गाको उपयोगमा भुमिकर(मालपोत), कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी वहालमा वहाल कर, आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने ब्यबस्था भएपनि करदाताको अभिलेख ब्यबस्थित रुपमा राखेको पाइएन । | |
| ४२. | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४३. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा गाउपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| ४४. | **रसीद नियन्त्रण खाता** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । गाउपालिकाले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ। | |
| ४५. | **लेखापरीक्षण नभएको** : आर्थिक कार्यविधि नियमावली २०६४ को बमोजिम गाउँपालिकाले राजश्व लगायत सबै प्रकारको कारोबार तथा खर्चको लेखा तयार गर्नुपर्ने ब्यवस्था भएकोमा तयार भएको लेखा स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम लेखापरीक्षणमा पेश नभएकोले आय एकिन नभएको रु | ४६२६७२.०० |

| वडानं | बिबरण | बैकमा दाखिला देखाएको रकम |
|---|---|---|
| गा.पा. | नगदी रसिद तथा राजस्व असुली खाता | १६५०७३ |
| वडा १ | नगदी रसिद तथा राजस्व असुली खाता | ० |
| वडा २ | नगदी रसिद तथा राजस्व असुली खाता | ३०८२८ |
| वडा ३ | नगदी रसिद तथा राजस्व असुली खाता | १२८६४९ |
| वडा ४ | नगदी रसिद तथा राजस्व असुली खाता | ७१२१३ |
| वडा ५ | नगदी रसिद तथा राजस्व असुली खाता | ६६९०९ |
| | | ४६२६७२ |

| | | |
|---|---|---|
| ४६. | **ठेक्का सम्झौताः** यस गाउपालिकाले आ.ब. २०७५।७६ मा बिभिन्न स्थानका ११ वटा पोखरी ठेक्का सम्झौता गरिएको पाइएको छ । उक्त ठेक्का सम्झौताहरुको सम्झौता पत्र प्राप्त नभएता पनि पोखरी चलनको पत्र भएकाले सम्झौता अनुसार पहिलो किस्तामा बुझाउनू पर्ने निम्न दुई पोखरीको किस्ता प्राप्त नभएको रु | २९३४००.०० |

| पोखरीको नाम | सम्झौता अंक | किस्ता रकम | कैफियत |
|---|---|---|---|
| राम प्रसाद साहवाला पोखरी | २२५५०० | १३५३०० | दोस्रो पक्षको नाम नखुलेको |
| शिवराजीवाला पोखरी | २६३५०० | १५८१०० | दोस्रो पक्षको नाम नखुलेको |
| | | २९३४०० | |

| | | |
|---|---|---|
| ४७. | **सभाको निर्णय कार्यान्वयन**- मिति २०७५।३।११ मा सम्पन्न गाउँसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Registerअभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ । | |

| | | |
|---|---|---|
| ४८. | **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, सवारी साधन,कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाइएन । गत बर्षको प्रतिबेदनमा औल्याएकोमा हाल सम्म पनि बिगतको गाउ बिकास समितिमा रहेका र थप खरिद गरिएका जिन्सी मालसामान जिन्सी कितावमा आम्दानी बांधी जिन्सी निरिक्षण गरी गराइ प्रतिबेदन तयार गराइ गाउपालिकाले एकिकृत जिन्सी अभिलेख तयार गरी राखेको देखिएन । यसरी जिन्सी मालसामानको आम्दानी र एकिकृत अभिलेख नहुदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका र हस्तान्तरण भइ आएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ४९. | **सेवा प्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ स्थानीय सरकारको काम, कर्तव्य र अधिकारको सम्वन्धमा व्यवस्था गरेको छ । यस वर्ष गाउपालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन गाउपालिकाले पर्याप्त ध्यान दिनुपर्दछ । | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सा दर्ता | ० |
| २ | अस्थायी इजाजत प्रदानLower Tie Bim Level | ० |
| ३ | निर्माण सम्पन्न सिफारीस | ० |
| ४ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखिकरण दर्ता | ११ |
| ५ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखिकरण | ११ |
| | **पञ्जिकरण तर्फ** | |
| ६ | जन्म दर्ता | १८९४ |
| ७ | मृत्यू दर्ता | १७४ |
| ८ | बसाइ सराइ | ४४ |
| ९ | बिवाह दर्ता | ३९३ |
| | **पूर्वाधार विकास तर्फ** | |
| १० | टयुबेल बितरण थान | ५७ |
| ११ | ट्याक खोल्ने कि.मि | ५.६४१ |
| १२ | ग्रावेल -कि.मि | ४.१३ |
| १३ | सडक कालोपत्रे कि.मि | २ |
| १४ | सडक ढलान मिटर | ४५० |
| १५ | सडक मर्मत कि.मि. | ७.९९३ |
| १६ | नाला निर्माण कि.मि | ३.२६९ |
| १७ | रिटेनिङ वाल मिटर | १६६ |
| १८ | कल्भर्ट निर्माण वटा | २ |
| १९ | डिप बोरीङ वटा | ३ |
| २० | सामुदयिक भवन -वटा | ८ |
| २१ | बडा कार्यलय निर्माण वटा | २ |
| २२ | लाइन बिस्तार कि.मि | ३.२ |
| २३ | पोखरी खन्ने वटा | ४ |

| | | |
|---|---|---|
| ५०. | **सामाजिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक | |

| | | |
|---|---|---|
| | परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी बित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ । सञ्चालित योजना सूचना पाटी, आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा गाउपालिकाले यस बर्ष योजना संचालन गरेकोमा सबैले सामाजिक लेखापरीक्षण गरेको देखिएन । नियममा भएको व्यवस्था पालना गर्नुपर्दछ । | |
| ५१. | **जग्गा उपयोग मापदण्ड** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| ५२. | **राष्ट्रिय भवन संहिता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्न पालिकामा साधन र स्रोत नरहेको, सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको, सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको, भवन डिजाइन र निर्माणमा एकै प्राविधिकको संलग्नता रही दोहोरो जाँचको व्यवस्था समेत नरहेको अवस्था छ । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ । | |
| ५३. | **सार्वजनिक जग्गाको संरक्षण** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएपनी त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा Digitize गरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन ।साथै गाउपालिकामा सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको कारणबाट सार्वजनिक,पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको र सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न वा लिजमा दिन नपाउने ब्यबस्था भएपनि सार्वजनिक,पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको, सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न वा लिजमा दिए नदिएको सो सम्बन्धमा अनुगमन गरेको पाइएन । | |
| ५४. | **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउँप्रोफाइल तयार गरेको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५५. | **सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सावंजनिक | |

निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ । यि प्रावधान अनुसार गाउपालीकाले आ.व. २०७५/७६ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र वेभसाइडमा अपलोड गरेको छैन ।

५६. **उपभोक्ताबाट भएको कार्य**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरीका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिब मान्न सकिएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

५७. **वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन । साथै वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाउँरक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार गाउ र नदी सरसफाई आदी कार्यहरु वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

५८. **पेश्की** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार बैक नगदी किताबमा पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्यौंट गर्नुपर्ने देखिएको रु.......... १२२०५८००.००

| मिति | पेश्की लिनेको नाम | वापत | पेश्की रकम |
|---|---|---|---|
| २०७६।३।३१ | वडा १ | सा.सु. तेस्रो किस्ता | ३०५४८०० |
| २०७६।३।३१ | वडा २ | सा.सु. तेस्रो किस्ता | ११८०८०० |
| २०७६।३।३१ | वडा ३ | सा.सु. तेस्रो किस्ता | २०७२२०० |
| २०७६।३।३१ | वडा ४ | सा.सु. तेस्रो किस्ता | २६३३८०० |
| २०७६।३।३१ | वडा ५ | सा.सु. तेस्रो किस्ता | २६५१२०० |
| २०७५।८।११ | कृषि शाखा भोला यादव | कृषि | ३७५००० |
| २०७५।९।२४ | वडा सदस्य सुरेश कुमार यादव | सञ्चालन | ६३००० |
| २०७५।११।१२ | लाल बहादुर श्रेष्ठ | मुद्दा व्यवस्थापन | १२५००० |
| २०७६।२।२३ | बाल कुमार यादव | पेश्की | ५०००० |
| | | जम्मा | १२२०५८०० |

५९. **पेश्की** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार बैक नगदी

किताबमा पेश्की दिएको तर पेश्की दिएको महलमा उल्लेख नभएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु......... ६६३०००.०० 

| मिति | विवरण | रकम |
|---|---|---|
| २०७६।२।१० | भोला यादब | २२५००० |
| २०७६।२।१० | शिव शंकर यादब | १६६००० |
| २०७६।२।१० | अरुण कुमार यादब | ९०००० |
| २०७६।२।१० | अरुण कुमार यादब | ९२००० |
| २०७६।३।१ | गा पा अध्यक्ष जागेश्वर यादब | ९०००० |
| | जम्मा | ६६३००० |

६०. **पदाधिकारी पेश्की/खर्चः** स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुलाइ पेश्की दिइ कार्यक्रम सञ्चालन सञ्चालन गर्न सक्ने ब्यबस्था कानुनमा स्पष्ट ब्यबस्था उल्लेख गरेको छैन । गाउपालिकाले देहायबमोजिम पदाधिकारी तथा सदस्यहरुलाइ कार्यक्रम सञ्चालन गर्न पेश्की दिइ
कार्य गराएको छ ।कानुनमा नभएको प्राबधान टेकेर पेश्की दिइ कार्य गराउनु नियमसंगत देखिएन ।

| गो.भौ.नं. | विवरण | प्रयोजन | रकम |
|---|---|---|---|
| ६९६,२०७६।३।३१ | वडा अध्यक्ष जय कुमार यादब | अमानतबाट ह्वील चेयर वितरण | ६०००० |
| ६९५।२०७६।३।३१ | वडा अध्यक्ष जय कुमार यादब | अमानतबाट ह्वील चेयर वितरण | ९०००० |
| ५५९।२०७६।३।१९ | वडा अध्यक्ष राम ईश्वर यादब | खेलाडीको लागि खेलकुद सामाग्री खरिद | २९१०० |
| २१५।२०७५।१०।२९ | वडा सदस्य विना देवी पासमान | बालबालिकाका लागि खेलकुद सामाग्री खरिद | १००००० |
| २११।२०७५।१०।२९ | कपिल देव यादब | बालबालिकाका लागि खेलकुद सामाग्री खरिद | ५०००० |
| ११५ | गा.पा. अध्यक्ष जागेश्वर यादब | पेश्की तलब | १५०००० |
| ३३।२०७५।५।२९ | गा.पा. अध्यक्ष जागेश्वर यादब | पेश्की तलब | १५०००० |
| ५०१।२०७६।३।१ | गा.पा. अध्यक्ष जागेश्वर यादब | पेश्की निकासा | ९०००० |
| २०७५।९।२५ | वडा सदस्य सुरेश कुमार यादब | पेश्की निकासा | ६३००० |
| जम्मा | | | ७८२१०० |

६१. **समानिकरण अनुदान**

**एजबिल्ट डइङ्गः** निर्माण ब्यबसायीसग भएको सम्झौता अनुसार अन्तिम बिल भुक्तानी हुदा एज बिल्ट डइड बापत रु १ लाख कट्टी गनपर्ने र निर्माण कार्य सम्पन्न पश्चात उक्त एज बिल्ट डइङ्ग लिएरमात्र कट्टा गरेको रकम फिर्ता गनुपर्ने ब्यबस्था भएकोमा देहाय निमाण कार्यको एज बिल्ट डइङ्ग पेश नभइपुरै भुक्तानी भएको रु ४०००००.००

| निर्माण ब्यबसासीको नाम | बिबरण | कार्यसम्पन्न रकम | एज बिल्ट डइङ्ग बापत रकम |
|---|---|---|---|
| ज्योति कन्ढक्सन गोल बजार | ढल निर्माण बरीया | ६६१२१९५।०० | १००००० |
| रोड लिक कव्टक्सन | सडक ढलान लक्ष्मिपुर | | १००००० |
| रोड लिक कव्टक्सन | गौरीपुर नहरदेखि हरिनगर हुदै डन लिर्माण कार्य | ६३२७८५०।०० | १००००० |
| रोड लिक कव्टक्सन | राजनुर सिमा सहिद स्मारक | ६५७००८१ | १००००० |
| | जम्मा | | ४०००००।०० |

६२. **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(२)मा कुनै निर्माण कार्य सम्पन्न भइ त्रुटि सच्चाउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकाय प्रमुखले त्यस्तो निर्माण कार्य स्विकृत डइङ्ग डिजाइन वा स्पेफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाचबुझ गराइ कार्यसम्पन्न प्रतिबेदन तयार गराउनु पर्नेछ भन्ने ब्यबस्था छ । कार्यलयले देहाय कार्यको कार्यसम्पन्न प्रतिबेदन तयार गराएको नदेखिएकोले निर्माण कार्य स्विकृत डइङ्ग डिजाइन वा स्पेफिकेशन बमोजिम भए नभएको प्राविधिक कर्मचारीवाट जाचबुझ गराइ कार्यसम्पन्न प्रतिबेदन तयार गराउनु पर्ने रु १९५१०१२५.००

| गो.भौ.नं. | निर्माण ब्यबसायिको नाम | कार्य | इष्टिमेट/मुल्याङकन रकम | खर्चरकम | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २०,४१,१४६ | ज्योति कन्द्रक्सन गोल बजार | ढल निर्माण बरीया | ६६१२१९५।०० | ६६१२१९४ | |
| | रोड लिक कव्टक्सन | सडक ढलान लक्ष्मिपुर | | ० | फाइल पेश नभएको |
| १०,१२,९५ | रोड लिक कव्टक्सन | गौरीपुर नहरदेखि हरिनगर हुदै ड्रन लिर्माण कार्य | ६३२७८५०।०० | ६३२७८५०. | |
| २१,९,५३ | रोड लिक कव्टक्सन | राजनुर सिमा सहिद स्मारक | ६५७००८१ | ६५७००८१ | तेश्रो रनिड बिलको नापी किताब नभएको |
| | | **जम्मा** | | १९५१०१२५ | |

६३. **भैपरीबाट सिधै खर्चः**एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या, २०७४ को स्थानिय तहको आर्थिक संकेत बर्गिकरण र ब्याख्यमा पुजिगत बजेट एकमुष्ठ रुपमा प्रस्ताब गर्ने प्रयोजनमा लागी मात्र भैपरी खर्च शिर्षकको प्रस्ताब गरिएको र यो शिर्षकबाट खर्च लेख्न नमिल्ने स्पष्ठ ब्यबस्था भएकोमा गाउँपालिकालेदेहाय बमोजिम भैपरी शिर्षकबाट सिधै बजेट खर्च लेखिएकोले एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या २०७४ बिपरित खर्च भएकोले नियमित नभएको रु ३७१८३१४.००

| गो.भौ नं मिति | बिबाण | खर्च रकम |
|---|---|---|
| १२।२०७५।९।१८ | वडा कार्यलय रंगरेकन | ४७८४५३ |
| १४।२०७५।९।१५ | वडा कार्यलय इन्भटर | १२२२०० |
| ३६।२०७५।१२।२९ | सडक ग्रभेल तया पोखरी जिर्णोद्धार | १९१०८६४ |
| ३७।२०७५।१२।२९ | सढक कल्भर्ट | ४६९९२० |
| ३९।२०७५।१२।२९ | हनुमान मन्दिर पलाष्टर | ४४६१६४ |
| ६७।२०७६।३।१९ | कम्पाउण्ड बाल निर्माण | २९०७१३ |
| | **जम्मा** | **३७१८३१४** |

६४. **डि.पि.आर. कार्यः** गाउँपालिकाले भवन निर्माण,वडा कार्यालय निर्माण,बाटो निर्माण,नदि किनाारा संरक्षण आदि कार्यको लागी परियोजनाको डि.पि.आर. तयार गराइ देहाय परामर्शदातालाइ भुक्तानी दिएकोमा उक्त डि.पि.आर. स्विकृत गरी स्विकृत डि.पि.आर. बमोजिम कार्य गनुपर्ने देखिन्छ ।

| गो.भौ नं मिति | परामर्शदाता | कार्य | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| २३।२०७५।१२।१७ | चन्द्रिका ग्रुप इल्जिनिगरी | rmtmp | ७९८९१२ | रिपार्टे जिन्सी दाखिला नभएको |
| ३०।२०७५।१२।१९ | राज इन्जिनियरी कनसल्टेन्सी | toUrism master plan | १९९७८४० | रिपार्टे जिन्सी दाखिला नभएका |
| ३२।२०७५।१२।१९ | कोशी इन्जिनियरीङ | बिष्णपुर प्रोफाइल | ४९९५०० | रिपार्टे जिन्सी दाखिला नभएका |
| ३१।२०७५।१२।१९ | राज इन्जिनियरी कनसल्टेन्सी | आबधिक योजना | ४९९५०० | रिपार्टे जिन्सी दाखिला नभएका |
| १४५।२०७६।३।३१ | राज इन्जिनियरी कनसल्टेन्सी | कुंषि गूरुयोवनाको मास्टर पलान | १९९८९७० | रिपार्टे जिन्सी दाखिला नभएका |
| | | **जम्मा** | ५७९४७२२ | |

६५. **गैर सरकारी संस्थाको भवन निर्माणः** गाउँपालिकाले कुनै योजनाको सहभागिता बढाउन, लागत सहभागिता प्राप्त गर्न, प्रभावकारी रुपमा गुणस्तरिय योजना संचालन गर्न समुदाय र सरकार बीच थप समन्वय गर्न गैर सरकारी संस्था मार्फत योजना संचालन गर्न सक्दछ । तर गैर सरकारी संस्थाको रुपमा दर्ता भएको निकायको लागि कुनै प्रभावकारी उपलब्धि वेगर सो संस्थाको लागी सार्वजनिक जग्गामा कानुनी स्विकृत बेगर भवन निर्माण गर्न गैर सरकारी संस्थामार्फत कार्य गराउनु उपयुक्त होइन । नमुना छनौट गरी परिक्षण गर्दा यो वर्ष स्विकृति नलिइ निर्माण भएका त्यस्ता संरचना देहाय अनुसार छन् ।यस्ता प्रकृतिका कार्यहरु तत्काल सुधार गरिनुपदर्छ ।

| भौ.नं.र मिति | भुक्तानी पाउने उ.स.को नाम | कार्य | मुल्याङकन | खर्च रकम |
|---|---|---|---|---|
| ४२।७०७५।१२।२९ | पतञ्जली योग भवन निर्माण | पतञ्जली योग भवन निर्माण | ९१३२०४ | ९१३२०४ |

६६. **उपभोक्तासमितिको खरिद कार्यः** सार्वननिक खरिद नियमावली २०६४ को नियम १९ (1) तथा गाउँपालिका र उपभोक्ता समितिसंग भएको सम्झौताको शर्तको बुदामा बिस हजार सम्मको प्यान नंवर भएको बिल र सो भन्दा बढिको निर्माण तथा अन्य सामाग्रीको बीलहरु मुल्य अभिबृद्धि करमा दर्ता व्यक्तीसग मात्र कारोवार गनुपर्ने ब्यबस्था भएकोमा नमुना छनौट गरी परिक्षण गर्दा उपभोक्ता समितिले भएको कानुन तथा सम्झौताको शर्त बिपरीत कर बिजक बेगर देहाय बमोजिम भरपाइको आधारमा खरिद कार्य गरेको देखिएकोले उपभोक्ता समितिको सार्वजनिक निर्माण कार्यमा खरिदकार्य नियमित नहुदा पनि गाउँपालिकाले भुक्तानी दिएको देखिएको छ ।

| गोश्वरा भौचर नंवर | उपभोक्ता समितिको नाम | उपभोक्ताको आपुर्तिकता | बिबरण | उपभोक्ताको खरिद रकम |
|---|---|---|---|---|
| ३६।२०७५।१२।२९ | सडक मर्मत पोखरी जिर्णोद्धार उ.स. | पाण्डब यादब | माटोको ढुवानी | १०५००० |
| | | रामजतन यादब | माटोको ढुवानी | १०५००० |
| | | अशोक कुमार साह | माटोको ढुवानी | २३७९०० |
| ११९।२०७६।३।३१ | सानाठुला सडक खण्ड मर्मत उ.स. | पाण्डब यादब | माटोको ढुवानी | ३५०००० |
| | | मनोज महतो | माटोको ढुवानी | २५०००० |
| | | गुरुदयाल यादब | माटोको ढुवानी | २५०००० |
| | | जम्मा | | १२९७९०० |

६७. **एउटै उ.स. बाट कार्य गराएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा सम्बन्धीत उपभोक्ता समिति वा लाभग्राही समुदायको छनौट गर्ने व्यवस्था छ । उपभोक्ता समिति सम्बन्धीत निर्माण क्षेत्रको र प्रत्यक्ष लाभ पुग्ने व्यवस्थाले धेरै स्थानको निर्माण कार्यमा एउटै उपभोक्ता समिति संलग्न हुन नपाउने व्यवस्थालाई अंगिकार गरेको छ । तर यस गाउपालिकाले देहाय अनुसार ७ वटा सम्म निर्माण कार्य एउटै उपभोक्ता समति मार्फत गराएको मनासिव देखिएको रु. १९५११९२७.००

| भौ.नं.र मिति | भुक्तानी पाउने उ.स.को नाम | कार्य | मुल्याङकन | खर्च रकम |
|---|---|---|---|---|
| ७।२०७५।५।२९ | सडक मर्मत तथा पोखरी जिर्नोदार उ स अ राम कुमार यादब | राम अवतार घर देखी मलिया टोल सम्म सडक | १०१७६८२ | १०१७६८२ |
| ६।२०७५।२।२९ | सडक मर्मत तथा पोखरी जिर्नोदार उ स अ राम कुमार यादब | लक्ष्मीपुरको प्रदिप पोखरी देखि दुलोचनको घर सम्म माटोको कार्य | १०४७७६७ | १०४६७६७ |
| २८।२०७५।१२।१७ | सडक मर्मत तथा पोखरी जिर्नोदार उ स अ राम कुमार यादब | | ९४०३६८ | ९४०३६८ |
| ३७।२०७५।१२।२९ | सडक मर्मत तथा पोखरी जिर्नोदार उ स अ राम कुमार यादब | उतर खोरिया सडक कलबट | ४६९९२० | ४६९९२० |
| ४५।२०७६।२।१० | सडक मर्मत तथा पोखरी जिर्नोदार उ स अ राम कुमार यादब | लक्ष्मीनियाँको काम | ५७११५४१ | ५७११५४१ |
| ६४।२०७६।३।१२ | सडक मर्मत माटो ग्राभेल उ स अ राम आदार यादब | खोरिया तथा गौरीपुर पोखरी मर्मत | १५०८७३८ | १५०८७३८ |
| १३३।२०७६।३।३१ | सडक मर्मत माटो ग्राभेल उ स अ राम आदार यादब | हरिनगर देखि पुरानो सडक ग्राभेल | ९५४६२४ | ९५४६२४ |
| १३४।२०७६।३।३१ | सडक मर्मत माटो ग्राभेल उ स अ राम आदार यादब | बड्की पोखरी माटो पुर्ने काम | ९६६००७ | ९६६००७ |
| १३५।२०७६।३।३१ | सडक मर्मत माटो ग्राभेल उ | बिश्वकर्मा चोक देखि | २३८१६०३ | २३८१६०३ |

| | | | | |
|---|---|---|---|---|
| | स अ राम आदार यादब | किसनपुर गाउसम्म | | |
| १४१।२०७६।३।३१ | सडक मर्मत माटो ग्राभेल उ स अ राम आदार यादब | लक्ष्मीनियाँ पाठशाला चारैतिर सडक निर्माण | ८१३२९७ | ८१३२९७ |
| १४३।२०७६।३।३१ | सडक मर्मत माटो ग्राभेल उ स अ राम आदार यादब | ससाना सडक मर्मत | ३९२३२७ | ३९२३२७ |
| १४८।२०७६।३।३१ | सडक मर्मत माटो ग्राभेल उ स अ राम आदार यादब | ललनको घर देखि धर्मनाथ घर सम्म सडक मर्मत | १७८८०४९ | १७८८०४९ |
| १५४।२०७६।३।३१ | सडक मर्मत माटो ग्राभेल उ स अ राम आदार यादब | बिभिन्न सडकहरुमा ग्राभेल | ४४१२८८ | ४४१२६६ |
| १२२।२०७६।३।३१ | सडक मर्मत माटो ग्राभेल उ स अ राम आदार यादब | गा पा का बिभिन्न सडकमा ग्राभेल | १०७९७३८ | १०७९७३८ |
| | | | जम्मा | १९५११९२७ |

६८. **जटिल प्रकृति निर्माण कार्य:** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७ को उपनियम(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर,डोजर, ग्रेडर,बिटुमिन डिष्टीब्युटर,बिटुमिन ब्वाइलर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृति कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिइ त्यस्तो मेशिन प्रयोग गर्न सकिने ब्यवस्था गरेको छ ।गाउपालिकाले जटिल प्रकृतिका हेभि उपकरण प्रयोगबाट हुने कार्य जस्तै बाटो निर्माण, पिच, ढलान,बहुतले भवन निर्माण,डिप बोरीङ,र जस्ता उपभोक्ता आफैले श्रम प्रयोग गरी कार्य गर्न नसक्ने जटिल प्रकृतिका कार्य उपभोक्ता समितिलेहेभि मेशिन प्रयोग गरी कार्य गराए पनि सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको नदेखिएको रु. ६६२३२०८.००

| गो.भौ नं मिति | उ.स.को नाम | कार्य | खर्च रकम |
|---|---|---|---|
| ७५।२०७६।३।२३ | राम जानकी कुटीको ढलान निर्माण उ स | ढलान | २९१००० |
| ८५।२०७६।३।३० | वडा कार्यालयको भवन निर्माण | भवन निर्माण | ९८३१५९ |
| १०५।२०७६।३।३१ | कृषि सिँचाई बोरिङ | बोरिङ | ९४७३३० |
| १२८।२०७६।३।३१ | नाला निर्माण उ स | नाला निर्माण | ३३०५४६५ |
| १३२।२०७६।३।३१ | भवन निर्माण उ स | भवन निर्माण | १०९६२५४ |
| | | जम्मा | ६६२३२०८ |

६९. **बढि भुक्तानी:** देहाय गोश्वारा भौचरबाट निर्माण कार्यको मुल्यांकन भन्दा बढी रकम भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु. १३५३९०.००

| गो. भौ. नं. | उ.स.को नाम | कार्य | मुल्याङकन रकम | खर्च रकम | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| २८।२०७५।१२।१७ | सडक ममृत तथा पोखरीजिर्णोद्धार उ.स. | गाउपालिकाभरका पोखरी मर्मत | ४७४१६५ | ९४०३६८ | १३५३९० |
| | | गरीयाको पोखरी मर्मत | १३९१९९ | | |
| | | बढ्की पोखरी | १९१६१४ | | |
| | | जम्मा | ८०४९७८ | | |

७०. **बिल भरपाई –** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । गाउपालिकाको निम्न कार्यको लागि रकम खर्च गरेकोमा उक्त खर्चको बिल भरपाई पेश नभएको रु ९०६२४०.००

| गो.भौ. नं. | बिबरण | रकम |
|---|---|---|
| ५६।२०७६।२।३१ | पक्किनाला निर्माण | १९३९५७ |
| ५७।२०७६।२।३१ | पक्किनाला निर्माण | २२७८९५ |
| ४।२०७५।५।२९ | कम्गाउण्ड बाल निर्माण | ६७८३४५ |
| | जम्मा | ९०६२४० |

७१. **बस्तु वा सेवाको करारमा मुअकर** मुअकर नियमावली २०५३ को नियम (६ग)मासरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थालेठेक्का सम्झौता वा करार अन्तरगत आपुर्तिहुने बस्तु वा सेवा वा बस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाइ भुक्तानी गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाकी रहने कर वापतको रकममात्र भुक्तानी गर्नुपर्ने ब्यबस्था छ ।गाउँपालिकाले नियमावली लागू भएको २०७६ जेठ १५ पछिको देहायको ठेक्का सम्झौता वा करारको भुक्तानीमा कर रकमको पचास प्रतिशत हुन आउने रकम  सम्वन्धित राजश्व शिर्षकमा जम्मा भएको देखिएन । नियमावलीको  सो ब्यबस्था बमोजिम भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्बन्धितको नामवाट सम्वन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.

| गोश्वरा भौचर नंवर | आपुर्तिकताको नाम | बिबरण | भुक्तानी मुअकर रकम | राजश्व शिर्षकमा जम्मा नभएको रकम |
|---|---|---|---|---|
| ४९।२०७६।२।२१ | आर.सि. निर्माण सेवा | सिचाइकोलागी पोल गाढने कार्य | २२२९५ | ११,१०७ |
| ४८।२०७६।२।२१ | अम्बे बिल्डर्स | | १७०९७७ | ८५४८८ |
| ९३।२०७६।३।३० | आइ इन्जियरिङ एण्ड बिल्डर्स प्रा.लि | माटो ग्राभेल | ४३९३६ | २१९६८ |
| ९५।२०७६।३।३० | रोड कन्ट्रक्सन | | २०७७८३ | १०३८९१ |
| १११।२०७६।३।३१ | काजल निर्माण सेवा | कम्पाउण्ढबाल | ३३४३३ | १६७१६ |
| १२१।२०७६।३।३१ | शंकर निर्माण सेबा | सडक मर्मत | २८५२६ | १४२६८ |
| १२७।२०७६।३।३१ | सुसाज निर्माण सेबा | | ५०२८५ | २५४१२ |
| १३६।२०७६।३।३१ | ए.बि. निर्माण सेवा | रिटेनिङ बाल | ४१२५० | २०६२५ |
| १४७।२०७६।३।३१ | बालाजी सप्लायर्स | तारपोल जडान | ४९६८० | २४८४० |
| १४६।२०७६।३।३१ | ज्योति कन्ट्रक्सन | ड्रेनको काम | ३०२१८० | १५१०९० |
| १५१।२०७६।३।३१ | रोड लिक कन्ट्रसन | | ७०७२३४ | २५३६१७ |
| १५२।२०७६।३।३१ | अम्बे बिल्डर्स प्रा.लि | | ८५४१९१ | ४२७०९५ |
| | | | **जम्मा** | **११५६११७** |

११५६११७.०० 

७२. **तालिम सन्चालन:** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा २५(१) मा स्थानीय तहले गैर सरकारी संघ, संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थासँग सहकार्य गरी कार्य गर्न सक्ने व्यवस्था छ । यस्तो सहकार्यको संयुक्त अनुगमन गरी प्रगति प्रतिवेदन समेत बनाउने व्यवस्था एनेको २५(२) मा समेत व्यवस्था छ ।  नमुना परिक्षण गर्दा गाउँपालिकाले यस आर्थिक वर्षमा विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा कार्य गरेकोमा देहायका तालिमहरु देहायका संस्थाहरुबाट सम्पन्न गरेको भनी खर्च लेखेकोमा गाउँपालिकाले सो तालिमहरुको सञ्चालन, सहभागिता सम्पन्न एवं प्रभावकारीताको बारेमा अनुगमन गर्ने गरेको पाइएन । तत् सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ ।

| गो.भौ नं मिति | आपूर्तक | बापत | खर्च रकम |
|---|---|---|---:|
| ४४५।२०७६।२।५ | सुनगाभा कृषि सहकारी संस्या | माछापालन र माटो जाच्ने | २००००० |
| ५६४।२०७६।३।१९ | लोकप्रिय जनसेवा केन्द | लोक सेवा तयारी कक्षा | २००००० |
| ५९५।२०७६।३।३२ | अपाङ्ग बिकास केन्द | लाहा चुल्हो बनाउने तालिम | १००००० |
| ३६०।२०७५।१२।१९ | सेगरी नेपाल | प्रवद्धनात्मक कार्यक्रम | ४००००० |
| ५४७।२०७६।३।२७ | नेपाल उत्थान समाज | सिलाइकटाइ तालिम | २००००० |
| ४०१।२०७६।२।१ | नेपाल उत्थान समाज | सिलाइकटाइ तालिम | १००००० |
| ४०८।२०७६।२।१ | आस्या फाउण्डेशन | इलेक्ट्रिसियन तालिम | १००००० |
| ५०४।२०७६।३।२० | महाबिर दिगो बिकास केन्द्र | लाहा चुल्हो बनाउने तालिम | १००००० |
| ५४६।२०७६।३।१२ | शान्त सम्वृद्ध नेपाल | अगरबत्ति बनाउने तालीम | १५०००० |
| | | **जम्मा** | **१५५००००** |

७३. **कन्टिजेन्सी खर्च** : आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी

कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा विभिन्न योजना बाट कट्टी भएको कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन । कट्टी भएको कन्टिन्जेन्सी योजना अनुगमन, साना तिना अन्य काम, सुचना प्रकासन लगायतका कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम खर्च गरी अभिलेख राखिनु पर्दछ ।

७४. **जिन्सी दाखिला**–आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त भएको सवै मालसामानको मूल्य समेत खोली जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न भौ न र मिति वाट विभिन्न सामान खरिद गरेको भनी खर्च लेखेकोमा खरिद भएका समानको जिन्सी दाखिला नगरी भुक्तानी भएको रु. ७१६०५०७.००

| ब.उ.शि.नं. | भौन र मिति | आपूर्तक | सामान | रकम |
|---|---|---|---|---|
| समानिकरण पुजिगत | १९.२०७५.१०.२८ | जेनेरल सप्लायर्स | फर्निचर | ५११३२ |
| समानिकरण पुजिगत | १५.२०७५.९.२५ | ब्रोदर इलेक्ट्रोनिक्स | मोबाइल | २८००० |
| समानिकरण पुजिगत | १८.२०७५.१०.१० | ब्रोदर इलेक्ट्रोनिक्स | कम्प्युटर | १९९७९५ |
| समानिकरण पुजिगत | २६.२०७५.११.१९ | सुनगाभा इन्जिनियरीङ | टयूववेल | ६९०४३० |
| समानिकरण पुजिगत | २७.२०७६.११.१९ | मनकामना ट्रेड लिक | मोटरसाइकल | २४९९०० |
| समानिकरण पुजिगत | ६३.२०७६.३.१२ | राम कन्ट्रक्सन | ७०ट्रिप ग्राभेल भण्डारण | ४२०००० |
| समानिकरण पुजिगत | ८३.२०७६.३.२९ | बंञ्चिता एण्ड खुशि सप्लायर | | २९३८० |
| समानिकरण पुजिगत | ८६.२०७६.३.३० | रमण अटोमोबाइल | मोटरसाइकल | २९२९०० |
| समानिकरण पुजिगत | ११६.२०७६.३.३१ | शिबम कन्ट्रक्सन | ग्राभेल भण्डारण | १९७६०० |
| समानिकरण पुजिगत | ११७.२०७६.३.१७ | बरदान ट्रेडर्स एण्ड सप्लायर | मोबाइल २७ पिस | ४०५००० |
| समानिकरण पुजिगत | १२७.२०७६.३.३१ | स्काइ कन्ट्रक्सन | ग्राभेल भण्डारण | ४८०००० |
| समानिकरण पुजिगत | ८.२०७५.९.२ | त्रिबेणी सप्लायर्स | फर्निचर | १२०००० |
| समानिकरण पुजिगत | १२.२०७५.९.३ | आइ.टि. सोलुसन | कम्प्युटर | ४९३११९ |
| समानिकरण पुजिगत | १९८.२०७५.१०.१० | मेरी गोलड न्यटरनेशनल | स्बस्यचौकी औषधि खरिद | ४९९९९५ |
| राजश्व बाँडफाँड | १२४।२०७५।९।३ | कुसुम जेनरल स्टोर | कार्यालय मालसामन | ७१८० |
| राजश्व बाँडफाँड | १२९।२०७५।९।४ | ब्रदर्स ट्रेड एण्ड सप्लायर्स | मेसिनरी औजार | २६५०० |
| राजश्व बाँडफाँड | १३४।२०७५।९।५ | घनश्याम इलेक्ट्रोनिक वर्कशप | पानी ट्यांकी | १३५०५ |
| राजश्व बाँडफाँड | १४६।२०७५।९।१९ | सुमन मोटरसाइकल वर्कशप | मेसिनरी सामान | १६६९५ |
| राजश्व बाँडफाँड | ३५४।२०७५।१२।२९ | मम्प्युटर प्रिन्टर्स एण्ड फोटोकपी सेन्टर | कार्यालय सामान | २७२५० |
| राजश्व बाँडफाँड | ३५६।२०७५।१२।२९ | बिनिता पुस्तक पसल | स्टेशनरी सामान | १७२०० |
| राजश्व बाँडफाँड | ४२७।२०७६।२।१० | राम हार्डवयर एण्ड सप्लायर्स | मालसामान | ८१६० |
| राजश्व बाँडफाँड | ४७४।२०७६।२।२३ | ए टु जेठ केमिकल एण्ड सर्जीकल | सेनेटरी प्याड | १८००० |
| राजश्व बाँडफाँड | ५७७।२०७६।३।२० | न्यु यादब छापाखाना स्टेशनरी | मालपोत रसिद | ६२१५० |
| राजश्व बाँडफाँड | ५८७।२०७६।३।२२ | गजराज ग्राफिक डिजाइनर एण्ड प्रिन्ट सोलुसन | क्यालेन्डर | ९८३१० |
| राजश्व बाँडफाँड | ६६०।२०७६।३।३१ | सेपाराम टेडर्स एण्ड जेनरल सप्लायर्स | कार्यालय सामान | ७८५० |
| राजश्व बाँडफाँड | ६६१।२०७६।३।३१ | रेखा मेडिकल सेन्टर | रिंग पेसरी | ४८७० |
| राजश्व बाँडफाँड | ६६२।२०७६।३।३१ | श्रीगणेश टेडर्स एण्ड सप्लायर्स | कार्यालय सामान | १६४०० |

| | | | | |
|---|---|---|---|---|
| राजश्व बाँडफाँड | ६७२।२०७६।३।३१ | श्रीगणेश टेडर्स एण्ड सप्लायर्स | कार्यालय सामान | १६१३५ |
| राजश्व बाँडफाँड | ६७४।२०७६।३।३१ | सेतीदेवी मेडिकल सप्लायर्स | औषधी | ६२६४० |
| राजश्व बाँडफाँड | ६८४।२०७६।३।३१ | शुभास स्टील फर्निचर | फर्निचर | ३२९३४९ |
| राजश्व बाँडफाँड | ६९८।२०७६।३।३१ | मेरिगोल्ड इनटरनेशनल प्रा लि | औषधी | २४९४४७ |
| राजश्व बाँडफाँड | ६९०।२०७६।३।३१ | त्रिवेणी सर्जीकल सप्लायर्स प्रा लि | औषधी | २०६५९६ |
| राजश्व बाँडफाँड | २०७६।३।३१ | अम्बिका अफसेट प्रेस | कार्यालय मालसामान | १९८८८० |
| राजश्व बाँडफाँड | ७११।२०७६।३।३१ | बंचिता एण्ड खुशी सप्लायर्स | कार्यालय सामान | १२४३०० |
| राजश्व बाँडफाँड | ६,२०७५।७।१७ | गौतम मेडिको फर्मा | औषधी | ४९९९३१ |
| राजश्व बाँडफाँड | ३६२।२०७५।१२।२९ | यदुबंशी स्टेशनरी सप्लायर्स | स्टेशनरी सामान | ४९१९११ |
| राजश्व बाँडफाँड | ५४५।२०७६।३।१२ | मेडिगोल्ड इन्टरनेशनल प्रा लि | औषधी | ४९९९९७ |
| | | | जम्मा | ७१६०५०७ |

७५. **अमानतबाट योजनाको कार्य** : निवार्चितजनप्रतिनिधिले पेश्की लिएर वा पेबकी नलिइ अमानतबाट योजनाको कार्य तथा खरिद कार्य गर्न मिल्ने कानुनि ब्यबस्था छैन । गाउपालिकाले पारीत गरेका वडास्तरका योजनाहरु लाभग्राही समुह तथा निर्माण ब्यबसायी बाट गराउनुपर्नेमा १ लाख भन्दा घटिका योजनाहरु वडा अध्यक्ष,सदस्य मार्फत अमानत बाट कार्य गराएको छ । सभाबाट पारीत भएका योजनाहरु नमुना छनौट गर्दा निवार्चितजनप्रतिनिधिले अमानतबाट गराउनु नियम संगत नदेखिएको रु — ६१९९७८.०० 

| गो.भौ.न. मिति | भुक्तानी लिने | कार्य | रकम |
|---|---|---|---|
| ६१।२०७६।३।५ | वडाध्यक्ष जय कुमार यादब | पैनि मर्मत | ९६२०७ |
| ६८।२०७६।३।१९ | वडाध्यक्ष राम इश्वर यादब | माटो फिलिङ | ९३२३५ |
| ९०।२०७६।३।३० | वडासदस्य सुरेन्द्र साह | | १२४१४१ |
| ९१।२०७६।३।३० | वडासदस्य अशोक साह | माटो ग्रभेल खरिद | ८३१८६ |
| ९२।२०७६।३।३० | वडासदस्य बबिता देबि महरा | फर्निचर खरिद | ७२५०० |
| १३९।२०७६।३।३१ | वडाध्यक्ष राज कुमार यादब | ह्युम पाइप खरिद | ६२००८ |
| १५०।२०७६।३।३१ | वडासदस्य महेन्द्र यादब | पैनि मर्मत | ८८७०१ |
| ४४।२०७६।३।१० | वडाध्यक्ष जय कुमार यादब | सडक मर्मत | ८३७४९ |
| | | जम्मा | ६१९९७८ |

७६. **राजश्व बाँडफाँड**

